# नेपालमा खुला सरकारी तथ्यांक

# नेपालमा खुला सरकारी तथ्यांक

'तथ्यांक निर्णय प्रक्रियाका धड्कन हुन् र जवाफदेहिताका लागि प्राथमिक सामग्री' संयुक्त राष्ट्र संघ, *अ वर्ल्ड द्याट काउन्टस् (The United Nations, The World Counts)*

हालैका वर्षहरूमा प्रविधिको उन्नति तथा इन्टनेटको पहुँचका कारण तथ्यांक प्रयोग तथा सार्वजनिकीकरण क्षमता वृद्धि नेपालका लागि आर्थिक, सामाजिक तथा वातावरणीयलगायतका दृष्टिकोणबाट महत्वपूर्ण अवसर हो । तथ्यांक, खास गरी सरकारी निकायबाट तयार गरिएको तथ्यांकले सरकारी अधिकारीहरू, राजनीतिज्ञ, नागरिक समाज, सञ्चारमाध्यम तथा निजी क्षेत्रलाई आवश्यक तथ्य उपलब्ध गराई निर्णय सम्बन्धमा सूचित गर्छ, नवीनतालाई प्रोत्साहीत गर्छ, जवाफदेहिता सुदृढ गर्नुका साथै अन्ततः नेपालको विकासमा सुधार ल्याउँछ । यद्यपि नेपालमा प्राविधिक उन्नतिका बाबजूद सरकारको तथ्यांक अझै पनि खुला तथ्यांकको ढाँचामा सार्वजनिकीकरण गर्ने गरिदैंन जसले गर्दा अर्थतन्त्रको विस्तार, गरिबी तथा असमानता न्यूनीकरणजस्ता सरकारको पहलमा सहयोग गर्न सक्ने जमातले सरकारी तथ्यांक प्रयोग गर्न पाएकै छैन ।

विश्वभरी नै यस्तो समस्या छ, यद्यपि पछिल्ला वर्षहरूमा 'खुला सरकारी तथ्यांक' को रुपमा सरकारी सूचना बाँड्ने नयाँ दृष्टिकोणको उदय भएको छ। यो सार्वजनिक रुपमा र नियमबद्ध तरिकाले तथ्यांक सार्वजनिक गर्ने अवधारणा हो, जस अन्तर्गत तथ्यांक सजिलै डाउनलोड गर्न, विश्लेषण गर्न तथा नागरिकहरूले प्रयोग गर्न सक्छन् । खुला सरकारी तथ्यांकले विश्वव्यापी रुपमा गति लिदैंछ भने केन्या, मेक्सिको, थाइल्याण्ड लगायत विश्वका विभिन्न देशहरूले यस विधिद्वारा तथ्यांक वितरण गरिरहेका छन् ।

नेपालमा खुला सरकारी तथ्यांकले समाज र व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउने सम्भावनाहरू छन् । खुला सरकारी तथ्यांकले नागरिकहरूलाई सरकारले लागू गरेको नीतिहरू राम्रोसँग बुझ्न, सरकारी निर्णय प्रक्रियामा सहभागी हुन तथा व्यवस्थापिकालाई जवाफदेही बनाउन सक्षम बनाउँछ। विशेष गरेर, यसले विकास पहलको प्रभावकारितामा सुधार ल्याउने ठूलो सम्भावना बाकेको छ किनकी तथ्यांकमा पहुँचसँगै विकास कार्यक्रम प्रभावकारि ढङ्गले लक्षित गर्न तथा सहयोग आवश्यक रहेको समुदायसम्म पुऱ्याउन सकिन्छ ।




चित्र १ : नेपालमा जारी हुन सक्ने विभिन्न किसिमका खुला सरकारी तथ्यांक

खुला सरकारी तथ्यांक नेपालका लागि राष्ट्रिय योजना आयोगले लक्ष्य गरे अनुरुप सन् २०३० सम्म मध्यम आय भएको मुलुक बन्ने तर्फको प्रगतिका लागि सहयोगी बन्न सक्छ। नेपालमा खुला सरकारी तथ्यांकलाई यथार्थमा परिणत गर्न तथ्यांक संकलनको योजनावद्ध प्रक्रिया, तथ्यांक सार्वजनिक गर्न केही प्राविधिक प्लेटफर्म (Technical Platform), सरकार


तथा सरकार बाहिर तथ्यांकको प्रभावकारी प्रयोगका लागि तथ्यांक सम्बन्धि साक्षरता (Data Literacy) तथा अन्य केही क्षेत्रहरूको अन्वेषण जरुरी हुन्छ। खुला सरकारी तथ्यांकका लागि सरकारगत रणनीति तथा भविष्यमा हुने कानूनी संरचना पुनरावलोकनमा यस विषयलाई पनि समावेश गर्न सके आगामी दिनमा सरकारी तथ्यांक सार्वजनिकीकरणको पहलले सार्थकता पाउनसक्छ।

## नेपालमा सरकारी तथ्यांक उत्पादन तथा सार्वजनिकीकरणमा सुधार

नेपालको संविधान २०४७ ले नागरिकहरूलाई सरकारी निकायहरूसँग सार्वजनिक महत्वको सूचना माग्न र प्राप्त गर्न सक्ने अधिकार दिएको छ। यो व्यवस्था २०७३ को संविधानमा पनि दोहोऱ्याइएको छ। २०६४ सालमा ल्याइएको सूचनाको अधिकार ऐन पनि राज्यको कामकारबाही प्रजातान्त्रिक व्यवस्था अनुरुप खुला, पारदर्शी, नागरिकहरूप्रति जवाफदेही होस् भन्ने उद्देश्यले ल्याइएको हो। त्यसकारण नेपालमा पहिले नै कानूनी संरचनाहरू विद्यमान छन् भने सरकारी सूचनाको सार्वजनिकीकरण तथा नागरिकले राष्ट्रिय महत्वको सूचना प्राप्त गर्ने सुनिश्चितताका लागि स्वतन्त्र सुपरिवेक्षण निकाय– राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ।

खुला सरकारी तथ्यांक (Open Government Data) सरकार वा सरकार नियन्त्रित संस्थाहरूबाट तयार वा उत्पादन हुन्छन्, जुन स्वतन्त्र रुपमा जोकोहीले प्रयोग, पुनः प्रयोग या वितरण गर्न सक्छ। सूचनाको अधिकार (Rights to Information) आधारभूत मानवअधिकार हो। यसले राष्ट्रिय सरकारी तथ्यांक तथा सूचनामा पहुँचका लागि अनुमति प्रदान गर्छ। यसले सक्रिय सार्वजनिकीकरण तथा तथ्यांकको सामयिकता जस्ता तत्वहरूलाई समावेश गर्छ।

खुला सरकारी तथ्यांक धेरै तरिकाबाट सूचनाको अधिकारसँग जोडिएको हुन्छ। खुला सरकारी तथ्यांक र सूचनाको अधिकार दुवै सरकारी सूचनाको उपलब्धतालाई सहजीकरण गर्ने संयन्त्र हुन्। यद्यपि, सूचनाको अधिकार संयन्त्रको मातहतमा व्यक्तिगत तहबाट माग भएका सूचनाका सम्बन्धमा जवाफ दिन सरकार बाध्य हुन्छ। जबकी खुला सरकारी तथ्यांक संयन्त्रमा सरकारले नै अग्रसरता लिएर सार्वजनिक प्लेटफर्ममा तथ्यांक सार्वजनिक गर्छ। सूचनाको अधिकार सरकारको पारदर्शिता र जवाफदेहीताको निर्णायक सहजकर्ता हो। खुला सरकारी तथ्यांकको अवधारणाले यस प्रक्रियालाई थप सशक्त  र पारदर्शी बनाउँदै यसलाई नवीनता र आर्थिक वृद्धिका लागि प्रयोग गर्न सहजीकरण गर्छ।




*चित्र २ : खुला सरकारी तथ्यांक र सूचनाको अधिकारबीच आपसमा समानता (अन्तिम पंक्तिमा) र भिन्नता*

खुला सरकारी तथ्यांकले २१औं शताब्दीको प्राविधिक विकासलाई अँगाल्दै पारदर्शीता, जवाफदेहीता र सुशासनलाई सहजीकरणलाई एक कदम अघि बढाएको छ। खुला सरकारी तथ्यांक सार्वजनिकीकरणमा अग्रसरताले सार्वजनिक निकायहरूमा सूचना मागको चाप घटाउन मद्दत गर्छ भने अर्कोतर्फ सार्वजनिक निकायहरूबीच नै एकअर्काको तथ्यांकमा सहज पहुँचले सरकारी निकायहरूबीच तथा सरकार र नागरिकहरूबीच सूचनाको प्रवाहमा सुधार ल्याउँछ। सहभागितामूलक सरकारलाई मजबुत गर्नुका अतिरिक्त, सरकारी तथ्यांकहरू खुला गरेर सरकारले सामाजिक र व्यावसायिक मूल्य भएका नवीन व्यावसाय तथा सेवा विस्तारको मार्ग तयार गर्न सक्छ। सूचनाको अधिकारमार्फत् प्रतिक्रियात्मक सार्वजनिकीकरण र खुला सरकारी तथ्यांक दुवैको मिलापले नेपालको आर्थिक तथा सामाजिक लाभलाई सहजीकरण गर्ने विश्वास गर्न सकिन्छ। सूचनाको अधिकारसम्बन्धि ऐनलाई संशोधन गरी खुला सरकारी तथ्यांक सम्बन्धि प्रावधान समावेश गर्दा सरकारी सूचना प्रवाहसम्बन्धि व्यवस्थाको प्रभावकारी कार्यान्वयनलाई औपचारिकता प्रदान गर्न सकिन्छ।

# खुला सरकारी तथ्यांकको लागि सरकारगत रणनीतिलाई निर्देश गर्ने १० मुख्य सिद्धान्तहरू

सूचनाको अधिकार तथा सम्बन्धित नियम कानूनहरू (उदाहरणका लागि– तथ्यांक ऐन, सूचना प्रविधि नीति आदि) को कानूनी संरचनामा आगामी दिनमा हुने विकास तथा सरकारबाट विस्तृत खुला तथ्यांक रणनीतिको विकासमा निम्न महत्वपूर्ण सिद्धान्तहरू (जुन खुला सरकारी तथ्यांकका ८ सिद्धान्तहरूबाट लिइएको हो) मा ध्यान दिनुपर्छ :

१) **खुला (सार्वजनिक) गर्ने तथ्यांक सर्वसाधरणका लागि उपयोगी हुनुपर्छ :** खुला गर्ने प्राथमिकतामा परेका तथ्यांक सार्वजनिक छलफलका आधारमा छनौट गर्नुपर्छ । चित्र नं. १ ले खास उपयोगी मानिने तथ्यांकबारे बताउँछ, उदाहरणका लागि : सरकारको खर्च, अपराधको तथ्यांक आदि ।

२) **खुला गर्ने तथ्यांकले नियमित प्रतिवेदनका अत्यावश्यक मानक पालना गरेको हुनुपर्छ :** सार्वजनिक निकायबाट जारी गरिने तथ्यांकहरूमा एकरुपता ल्याउन सबै विभाग तथा निकायहरूले एकै समयअवधि तथा एकैखालको वर्गीकरणमा तथ्यांक तयार गर्नुपर्छ जसबाट तथ्यांकहरू आपसमा तुलनायोग्य हुन्छन् ।

३) **खुला गर्ने तथ्यांक पूर्ण हुनुपर्छ :** वैधानिक रुपमा गोपनिय, सुरक्षा संवेदनशीलबाहेक सबै सार्वजनिक तथ्यांक उपलब्ध गराउनुर्छ ।

४) **तथ्यांक प्राथमिक र अलग–अलग (Disaggregated) हुनुपर्छ :** खुला गरिने तथ्यांक संकलन गर्ने स्रोतमा सम्भव भएसम्म धेरै कोणबाट अलग्याएर विश्लेषण गर्न मिल्ने हुनुपर्छ । समग्रमा या संशोधित खालको तथ्यांक हुनुहुँदैन । सम्भव भएसम्म तथ्यांक भूगोल, आय, उमेर, अपाङ्गता, लिङ्ग आदि तहबाट छुट्टिएको हुनुपर्छ । जसले गर्दा तथ्यांक विश्लेषणका आधारमा राम्रो र लक्षित निर्णयहरू लिन सकिन्छ ।

५) **तथ्यांक सार्वजनिकीकरण समयमा हुनुपर्छ :** तथ्यांकको उपयोगिता तथा मूल्यलाई संरक्षण गर्न तथ्यांक सम्भव भएसम्म छिटो सार्वजनिक गर्नुपर्छ ।

६) **तथ्यांक सार्वजनिक गर्दा सबैको पहुँच हुने माध्यम र अनलाइन (Online) बाट गर्नुपर्छ :** सकेसम्म धेरै प्रयोगकर्ताहरूसम्म र धेरै उद्देश्यमा उपयोग हुनसक्नेगरी तथ्यांक सार्वजनिक गर्नुपर्छ ।

७) **सार्वजनिक गरिएका तथ्यांक सहजै प्रशोधन गर्न सकिने (Machine Processable) हुनुपर्छ :** तथ्यांक डाउनलोड गरी सहजै प्रशोधन गर्न सकिने ढाँचामा सार्वजनिक गर्नुपर्छ । उदाहरणका लागि स्प्रेडसीटमा (उदाहरणका लागि, CSV file) सार्वजनिक गर्नु उपयुक्त हुन्छ ।

८) **तथ्यांक सार्वजनिकीकरण विभेदरहित हुनुपर्छ :** सार्वजनिक गरिने तथ्यांक सबैका लागि कुनै दर्ता, अभिलेख नलिई उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

९) **खुला गरिने तथ्यांक गैर–स्वामित्वको, प्रयोग गर्न अनुमति नचाहिने र निःशुल्क हुनुपर्छ :** कुनै पनि निकायको बिशेष नियन्त्रण नहुने गरी तथ्यांक सार्वजनिक गर्नुपर्छ र यस्तो तथ्यांकमा प्रतिलिपि, ट्रेडमार्क या पेटेण्ट लागू हुनु हुँदैन ।

१०) **खुला गरिने तथ्यांकले गोपनियताका विभिन्न पक्षहरूमा विचार गर्नुपर्छ :** तथ्यांक सार्वजनिक गर्दा व्यक्तिगत रुपमा सरोकार राख्ने र पहिचान हुने खालका तथ्यांकहरू सार्वजनिक गर्नुहुँदैन । संवेदनशील सूचनाहरू उपयुक्त किसिमले संरक्षण गरिनुपर्छ ।

## थप अध्ययन

- ओपेन नेपालः
  http://opennepal.net
- नेपाली खुला तथ्यांक हाते किताब, ओपेन नेपालः
  http://bit.ly/2aKPB85
- खुला सरकारी तथ्यांकका ८ सिद्धान्तहरुः
  https://opengovdata.org/
- खुला तथ्यांक मार्गदर्शन
  http://opendata.guide
- खुला तथ्यांक नीति निर्देशिका, सनलाइट फाउण्डेसनः
  http://bit.ly/1g1ql7C

*ओपेन नेपाल (Open Nepal) खुला तथ्यांक (Open Data) उत्पादन, वितरण तथा प्रयोग गर्ने व्यक्ति तथा संस्थाहरूका लागि ज्ञान तथा सिकाइ केन्द्र हो। तथ्यांक क्रान्ति, खुला तथ्यांक, सूचनामा पहुँचजस्ता शीर्षकहरूमा नेपालमा सामुदायिक अभ्यासलाई समेत साथै लिएर ओपेन नेपालले एउटा मञ्च तयार गरेको छ जसमा सरोकार राख्नेहरूले तथ्यांक तथा सूचना प्रयोग र वितरणमा आफ्ना अनुभवहरू बाँड्न तथा साझा समस्याहरूमा निकास निकाल्न सामूहिक पहल गर्न सक्छन्।*

Open Nepal

/OpnNepal @Open__Nepal

**www.opennepal.net**